# आर्थिक वर्ष २०७६/०७७

# को

# बजेट बक्तव्य

# महाकुलुङ गाउँपालिका

## बुङ, सोलुखुम्बु

## १ नं. प्रदेश

## २०७६

महाकुलुङ गाँउपालिकाको गाउँसभा २०७६ साल अषाढ १० गते

## उपाध्यक्षश्री विपना कुलुङज्युले

## प्रस्तत गर्नुभएको बजेट बक्तव्य

आर्थिक वर्ष २०७६/०७७ को

बजेट बक्तव्य

# महाकुलुङ गाउँपालिका

बुङ, सोलुखुम्बु

१ नं. प्रदेश, नेपाल

**गाउँसभाका अध्यक्ष महोदय**

1. महाकुलुङ गाँउपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभासमक्ष आगामी आर्थिक वर्ष २०७६/०७७ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु । यस अवसरमा देश र जनताको निम्ति जीवन समर्पन गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रृन्दान्जली व्यक्त गर्न चाहन्छु । साथै सामाजिक न्याय, आर्थिक सम्मुन्नति, राजनीतिक परिवर्तनका लागि संघर्ष गर्नुहुने महान जनता र नेतृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वप्रति आभार प्रकट गर्न चाहन्छु ।
2. लामो समयको जनताको राजनीतिक संघर्ष पश्चात स्थानीय तहको निर्वाचन सँगै नेपालको संविधानमा व्यवस्था भए बमोजिमको नयाँ राज्य व्यवस्थाको सुरुवात भएको एक वर्ष वितिसकेको छ । यो अवधिमा शासन व्यवस्थामा अन्योलता, कर्मचारीको अपर्याप्तता, पूर्वाधारको कमी जस्ता समस्याहरु सामना गर्नुपरेको छ। यस बाबजुत पनि यहाँका जनताले नजिकमा सेवा र गाउँ टोलमा विकासका अनुभूति गरेका छन् ।
3. अपार प्राकृतिक श्रोत र प्राकृतिक मनोरम, खेतियोग्य जमिन, मेहनती जनता यहाँका सम्पत्ति हुन् । नेतृत्व वर्गले यिनै सम्पत्तिलाई जनताको खुशीमा परिवर्तन गर्न सके सम्वृद्ध महाकुलुङको अभियान सफल हुनेछ ।
4. वर्तमान सरकारले आत्मसात गरेको **समृद्ध नेपाल, सुखी नेपाली** को राष्ट्रिय आकांक्षालाई मध्यनगर गरिएको छ । सामाजिक न्याय सहितको तीब्र विकास, सुशासन सहितको जनउत्तरदायी स्थानीय सरकार, सभ्य र सुसस्कृत समाज निर्माण गर्दै समतामूलक विकासको निम्ति महाकुलुङ गाउँपालिका लागि परेको छ ।
5. जनताले नजिकबाट सर्वसुलब तरिकाले सार्वजनिक सेवा लिने अवस्था सिर्जना भएको छ । सार्वजनिक निकायबाट भोग्नु परेको अनावश्यक सास्तीको अन्त्य भई जनतामा स्थानीय सरकार प्रतिको विश्वसनियता वृद्धि भएको छ ।
6. चरम गरिबी, विपन्नता, निरक्षरता र पछौटेपनको शिघ्र अन्त्य हुनेछ । स्थानीय जनतामा रोजगारीको अवसर, सार्वजनिक सेवाको सर्वसुलभता, बचत गर्ने बानीको विकास, आधारभूत शिक्षा र प्राथमिक स्वास्थ्यमा पहुँच, सामाजिक न्याय र सुरक्षाको प्रत्याभूति भएको छ ।
7. निजी, सहकारी,अर्धसरकारी संघसस्थाहरुलाई गाउँपालिकाले विकासको साझेदारीको रुपमा स्वीकार गरेको छ । लगानी मैत्री वातावरण र संरचना निर्माणमा ध्यान केन्द्रित भएको छ ।
8. महाकुलुङ गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र प्रदेशको बजेट सीमा, महाकुलुङ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, दीगो विकासको लक्ष्य आदिलाई आधारको रुपमा लिएको छु । साथै स्थानीय सामाजिक संघ संस्था, बुद्धिजिवि, राजनीति कर्मी, भद्र भलाद्मी आदिको सुझावहरुलाई पनि मार्गदर्शनको रुपमा लिएको छु । चालु आर्थिक वर्षमा हासिल भएका उपलव्धिहरु संस्थागत गर्दै नागरिकको सामाजिक र आर्थिक हीत प्रबर्दन गर्न उपलव्ध श्रोतको समन्यायिक बाँफफाँड, सेवाको सरल र समान वितरण, विकासमा समान

सहभागीता, जनतामा विकासको स्वामित्त ग्रहण जस्ता महत्वपूर्ण कुराहरुमा विशेष ध्यान दिइनेछ ।

**सम्मानित अध्यक्ष महोदय,**

**9.** अब म महाकुलुङ गाउँपालिकाको आर्थिक स्थितिको सामान्य जानकारी गराउन चाहन्छु ।

- चालु आ.व. को वित्तीय प्रगति सन्तोषजनक रहेको पाइन्छ । चालु खर्च भन्दा विकास खर्चको हिस्साको प्रगति उपलब्धीमूलक भएको पाइन्छ ।
- गाउँपालिकामा आधुनिक कृषि प्रणालीको सुरुवात भएको छ । यसले कृषकको आयस्तर वृद्धि गर्नमा महत्वपूण सहयोग पुगेको पाइन्छ ।
- बुङ बजार व्यवस्थित हुदै गएको छ । जसले गर्दा व्यपारी र ग्राहकको सन्तुष्टिमा वृद्धि भएको छ ।
- अलैची, सतुवा, चिराइतो लगायत महत्वपूर्ण जडिबुटिको उत्पादन, निकासी तथा व्यापारलाई व्यवस्थित गर्ने कार्य भएको छ । जुन गाउँपालिकाको महत्वपूण आयश्रोतको रुपमा रहेको छ ।
- सडकको विस्तारले दैनिक उपभोग्य सामान लगायतको मूल्य घट्न गई सर्वसाधारण जनताको जीवनस्तरमा सुधार आएको छ ।
- वस्तु निर्यात भन्दा आयात बढी रहेकोले स्थानीय उत्पादनलाई बढी प्राथमिकता दिनुपर्ने नीति अबलम्बन गर्नुपर्ने देखिन्छ ।
- राजस्व परिचालनकोलक्ष्य नजिक पुगेको देखिदैन । त्यसैले राजस्व प्रशासनलाई चुस्त, दुरुस्त र प्रभाबकारी बनाउने रणनीति गाउँपालिकाले लिनु पर्ने देखिन्छ । राजस्व प्रणालीमा द्धिविधा विद्यमान देखिन्छ ।
- जनतामा आर्थिक असन्तुलन देखिन्छ । त्यसैले विपन्न र लक्षित उम्मूख कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- बचत तथा ऋण सहकारी संस्थाहरुको उपस्थिति संख्यात्मक रुपमा मात्र रहेकोलेउत्पादनमूलक कार्यमा उत्प्रेरित गर्नु आवश्यक देखिन्छ ।

**सम्मानीत अध्यक्ष महोदय,**

**10.** अब म आगामी आर्थिक वर्ष २०७६/०७७ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्य र प्राथमिकता निम्नानुसार छन् :

- सडकको विस्तार र स्तरोन्नती गरी नागरिकलाई यातायातको पहुँचमा पुर्‍याउने ।
- कृषि र पशुपालनको उत्पादन गुणस्तर वृद्धि गरी आयात प्रतिस्थापन गर्दै निर्यात बढाउने ।

- पर्यटन क्षेत्रलाई विकास र विस्तार गरी समग्र गाँउपालिका नै पर्यटकीय गन्तव्यकोरुपमा विकास गर्ने ।
- उपलब्ध श्रोतसाधनको न्यायोचित वितरण, विकासमा समान सहभागिता गराइनेछ ।
- स्वास्थ्य र शैक्षिक गुणस्तर बृद्धि गर्ने ।
- सामाजिक बेमेल र आर्थिक विषमतालाई अन्त्य गर्ने ।
- सामाजिक कलह, झगडा र विपत्तिहरुलाई अन्त्य गरिनेछ ।
- युवा स्वरोजगार कार्यक्रलाई बढवा दिने ।
- जनतामा मौलिक हकको प्रत्याभूति दिलाइनेछ ।
- सेवा प्रवाहको गुणस्तर बृद्धि गरी प्रक्रियागत झन्झटलाई अन्त्य गर्ने ।
- खाद्यसुरक्षाको प्रत्याभूति गरिनेछ ।

**11.**अब म बजेट तर्जुमाका आधार र सिद्धान्तहरु प्रस्तुत गर्न चाहन्छ ।

- नेपालका संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- राष्टिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,
- संघ र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्डहरु,
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति, हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४,
- अन्तरसरकारी वित्तीय हस्तान्तरण निर्देशिका,
- दीगो विकासको लक्ष्य,
- संघीय, प्रादेशकि र स्थानीय तहको आवधिक विकास योजना,
- स्थानीय तहको मध्यकालीन खर्च संरचना,
- उपलब्ध श्रोत र साधन,
- विकासका अन्तसम्बन्धित विषयहरु,
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
- संघ र प्रदेशले अबलम्बन गरेका आर्थिक नीतिहरु,
- विकासका आवधिक योजना, रणनीतिक योजना, क्षेत्रगत गुरुयोजना,
- संघीय सरकार र प्रदेश सरकारको निर्देशन तथा परिपत्रहरु,
- राजस्व परामर्श समितिको प्रतिबेदन आदि ।

## सम्मानित अध्यक्ष महोदय,

**12.** महाकुलुङ गाउँपालिकामा आर्थिक वर्ष २०७६/०७७ को लागि देहायका श्रोतहरुबाट आम्दानी प्राप्त भएको अनुमान छः

- संघीय सरकार वित्तिय समानिकरणबाट प्राप्त : रु.**९ करोड ६ लाख ।**
- संघीय सरकार सशर्त अनुदानबाट प्राप्त : रु.**७ करोड २६ लाख ।**
- संघीय सरकार राजस्व बाँडफाडबाट प्राप्त : रु.**७ करोड ७४ लाख**
- प्रदेश सरकार वित्तिय समानिकरणबाट प्राप्त आयःरु. रु.**६९ लाख ३८ हजार ।**
- प्रदेश सरकार सवारी कर राजस्व बाँडफाडबाट प्राप्त आय : रु.**२३ लाख १७ हजार** ।
- प्रदेश सरकरा शसर्त अनुदान अनुमानित रु. रु.**१ करोड ५० लाख ।**
- मालपोत कार्यालय सल्लेरीबाट प्राप्त : **रु ३ लाख ।**
- आन्तरिक आय/राजस्व समेत : **रु.१० लाख ।**
- गत आ.व.को नगत मोज्दात **रु.१ करोड ५० लाख ।**

**13.** कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिबेदन, राजस्व परामर्श समितिका प्रतिबेदन, वडागत योजना प्राथमिकिकरण जस्ता विषयलाई प्राथमिकतामा राखिएको छ ।

**14.** अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, प्रदेश सरकार बाट प्राप्त पत्र तथा प्रदेश बजेट बक्तव्य र आ.व. २०७५/०७६ को बैकं मौज्दातको आधारमा आ.व. २०७६/०७७ मा महाकुलुङ गाउँपालिकामा प्राप्त अनुमानित आय**जम्मा रु. २८,११,५५,०००।- (अक्षरेपी अठ्ठाइस करोड एघार लाख पचपन्न हजार मात्र)**।रहेको छ ।

**15.** अब म गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु, वडा कार्यालय, क्षेत्रगत कार्यक्रम तथा विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**16.** महाकुलुङ गाउँपालिका, वडा नं. १ लाई **रु. १ करोड ५ लाख** विनियोजन गरिएको छ ।

**17.** महाकुलुङ गाउँपालिका, वडा नं. २ लाई **रु. १ करोड** विनियोजन गरिएको छ ।

**18.** महाकुलुङ गाउँपालिका, वडा नं. ३ लाई **रु. १ करोड ५ लाख** विनियोजन गरिएको छ ।

**19.** महाकुलुङ गाउँपालिका, वडा नं ४ लाई **रु. १ करोड** विनियोजन गरिएको छ ।

**20.** महाकुलुङ गाउँपालिका, वडा नं. ५ लाई **रु. १करोड** विनियोजन गरिएको छ ।

**21.** महाकुलुङ गाउँपालिका स्वास्थ्य शाखालाई **रु. ७० लाख** रुपैया निनियोजन गरिएको छ ।

**22.** महाकुलुङ गाउँपालिका कृषिशाखालाई **४० लाख** विनियोजन गरिएको छ ।

**23.** पशु सेवा शाखालाई **रु. ७० लाख**विनियोजन गरिएको छ ॥

**24.** महाकुलुङ गाउँपालिका शिक्षा शाखालाई **रु. ३० लाख** विनियोजन गरिएको छ ।

**25.** महाकुलुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको लागि **रु. २ करोड ५० लाख** विनियोजन गरिएको छ ।

# अध्यक्ष महोदय,
# गाउँपालिकाद्धारा सञ्चालित योजना/आयोजनाहरु

**26.** अब म महाकुलुङ गाउँपालिकाको गौरबका आयोजना/योजनाहरुको एकमुष्ट बजेट विनियोजन सम्बन्धी विवरण पेश गर्न चाहन्छु ।

**क) आर्थिक विकास :** १)विकासको आधारशिला आर्थिक विकास हो । यस क्षेत्रलाई गाउँपालिकाले उच्च प्राथमिकतामा राखेको छ । आर्थिक विकासलाई मजबुत बनाउन गाउँपालिकाले विशेष आर्थिक क्षेत्र घोषणा गरी आवश्यक बजेट विनियोजन गरेको छ ।

२) गाउँपालिकाको प्रत्येक वडामा आर्थिक वर्ष २०७५/०७६ देखि सञ्चालित कृषि पकेट कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । वडागत रुपमा सञ्चालित देहायका कृषि पकेट कार्यक्रमहरुलाई एकमुष्ट **रु. २५ लाख** विनियोजन गरिएको छ। जसको विवरण तल उल्लेख गरिएको छ:

१) वडा नं. १. कागति पकेट सञ्चालन व्यवस्थापन **रु. ५ लाख** ।
२) वडा नं. २ तोरी, मौरी पकेट सञ्चालन तथा व्यवस्थापन **रु. ५ लाख ।**
३) वडा नं. ३. अल्लो पकेट सञ्चालन तथा व्यवस्थापन **रु. ५ लाख ।**
४) वडा नं. ४ सतुवा पकेट सञ्चालन तथा व्यवस्थापन **रु. ५ लाख ।**
५) वडा नं ५ अदुवा बेसार पकेट सञ्चालन तथा व्यवस्थापन **रु. ५ लाख ।**

३) महिलाहरुलाई व्यवसायिक तथा उद्यमी बनाउने तथा स्थानीय तान प्रविधिलाई प्रबर्द्धन गर्न अल्लो तान तथा सिरिप बुनाई कार्यक्रमलाई निरन्तरताको लागि **रु. १० लाख** विनियोजन गरिएको छ ।

४) नयाँनयाँ पर्यटन क्षेत्रको पहिचान तथा प्रचारप्रसार गरी गाउँपालिकामा पर्यटन प्रबर्द्धनको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ। पर्यटनको सम्भावना र क्षेत्रहरुलाई समेटने गरी पर्यटन प्रबर्द्धनको लागि आधार तयार गर्न महाकुलुङ वृत्तचित्र निर्माणको लागि **रु. १५ लाख** विनियोजन गरिएको छ ।

५) पर्यटन प्रबर्द्धनको लागि नयाँनयाँ पर्यटकीय पदमार्गहरु पहिचान र विकास गरी पर्यतटन प्रबर्द्धन गर्ने उद्देश्यले **खोङमादिङ हुँगु भ्याली एभरेष्ट ट्रेल पर्यटकीय पदमार्ग** प्रबर्द्धनको लागि **रु. १० लाख** विनियोजन गरिएको छ ।

**ख) सामाजिक विकास :** १) गाउँपालिकाले समग्र शैक्षिक सुधारको लागि जनशक्ति व्यवस्थापनलाई महत्वपूर्ण कडिको रुपमा लिएको छ। शिक्षक-विद्यार्थीको अनुपातलाई मूख्य आधार बनाएर आ.व. २०७६/०७७ मा **निजि शिक्षक** अनुदानको व्यवस्था गरिएको छ । **निजी शिक्षक अनुदान**को लागि **रु. १ करोड ६ लाख** विनियोजन गरिएको छ । जसको विवरण तल प्रस्तुत गरेको छु :

- श्री जनसुधार आ.वि.बुङ — **रु. ५ लाख ९१ हजार ।**
- श्री पात्ले आ.वि., बुङ — **रु. ६ लाख १५ हजार ।**

- श्री सगरमाथा मा.वि.,बुङ **रु. १४ लाख ३५ हजार**
- श्री खिरौले आ.वि.,बुङ **रु. २ लाख ७८ हजार ।**
- श्री कैलाश आ.वि.,बुङ रु. -
- श्री हिमचूली आ.वि.,बुङ **रु.२ लाख ९८ हजार ।**
- श्री पेल्माङ आ.वि., पेल्माङ **रु. ४ लाख ९९ हजार ।**
- श्री चोमोलुङ्मा आ.वि., पेल्माङ **रु. १० लाख ।**
- श्री महाकुलुङ आ.वि., छेस्काम रु. १ लाख ७२ हजार ।
- श्री जनसुधार आ.वि., छेस्काम **रु.५ लाख ।**
- श्री छेस्काम मा.वि., छेस्काम **रु. १० लाख ।**
- श्री देनाम आ.वि., देनाम **रु. ३ लाख ४४ हजार ।**
- श्री रत्नप्रगतिशिल आ.वि., खार्दो **रु.** १ लाख ८८ हजार ।
- श्री छेस्काम आ.वि., मामेर्कु **रु. १ लाख ८८ हजार ।**
- श्री बासुकी आ.वि., तुमाउ **रु. ५ लाख ९० हजार ।**
- श्री शहिद स्मृति आ.वि., सानो साद्धी **रु. १ लाख ५६ हजार ।**
- श्री गुदेल मा.वि., गुदेल **रु. १८ लाख ८६ हजार ।**
- श्री अमरज्योति आ.वि.,चाचालुङ **रु. ६ लाख ।**
- श्री युवा आ.वि.,तिउ रु. **१ लाख ३० हजार ।**
- श्री घ्याङखर्क आ.वि., नर्कुम **रु. १ लाख ३० हजार ।**

(२) REED Nepal(**ग्रामिण शिक्षा तथा वातावरण विकास केन्द्र**)सँगको शैक्षिक साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ जसको लागि **रु. १७ लाख** विनियोजन गरिएको छ ।

३) गाउँपालिकामा आँखा केन्द्र स्थापना तथा व्यवस्थापन गर्न **रु. ५ लाख** विनियोजन गरिएको छ ।

४) बालविवाह तथा बहुविवाह न्यूनिकरण सम्बन्धी गाउँपालिका स्तरीय कार्यक्रमको लागि **रु. ५ लाख** विनियोजन गरिएको छ ।

५) गाउँपालिका छात्रवृत्ति कोष स्थापनाको लागि **रु. ५ लाख** विनियोजन गरिएको छ ।

६) महाकुलुङ गाउँपालिका वडा नं. १ मा सञ्चालित वृद्धाश्रम सञ्चालन तथा व्यवस्थापनको लागि **रु. ७ लाख** विनियोजन गरिएको छ ।

७) चाक्चाकुर विशेष कार्यक्रम सञ्चालन व्यवस्थापन गर्न वडा नं. ५ लाई **रु. ५ लाख** विनियोजन गरिएको ।

**ग) पूर्वाधार विकास :** (१) गाउँपालिकाले जनताको जीवनलाई सहज बनाउने हेतुले पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको छ । सडक, पूल, सिंचाई, भवन, उर्जा, साना तथा लघु जलविद्युत आयोजनाहरुको निर्माण तथा व्यवस्थापन गर्न गाउँपालिकाले आवश्यक बजेटको व्यवस्था गरेको छ ।

२) महाकुलुङ चक्रपथ अन्तर्गत वडा नं. ४ र ५ मा सडक ट्रयाक ओपनका लागि **रु. २ करोड ५० लाख** विनियोजन गरिएको छ । जस अन्तर्गत प्राविधिक स्टमेटको आधारमा ८० लाखको बजेट खण्डिकरण गरी उपभोक्ता समिति मार्फत योजना सञ्चालन गरिनेछ ।

३) सडक मर्मत र स्तरोन्नती (ह्युम पाइप, कजवे, तारजाली) को लागि रु. **१ करोड ७५ लाख** विनियोजन गरिएको छ ।

४) कैलाश आ.वि. व्यवस्थापन गर्न **रु. १० लाख** निनियोजन गरिएको छ ।

५) छेस्काममा नमूना तोस्खम निर्माणका लागि यस आ.व.मा **रु. १० लाख** विनियोजन गरिएको छ ।

६) वडा नं १ स्थित गम कालिका देविस्थान मन्दिर घेराबारको लागि **रु. ५ लाख** विनियोजन गरिएको छ ।

७) बसपार्क तथा यातायातलाई व्यवस्थित गर्न बुङ स्थित जिरो पोइन्ट व्यवस्थापन अन्तर्गन रु १० लाख विनियोजन गरिएको छ ।

८) भुवाखोला लघुजलविद्युत पावर हाउस मर्मत तथा शौचालय निर्माण तथा व्यवस्थापनको लागि **रु. १० लाख** विनियोजन गरिएको छ ।

९) महाकुलुङ गाउँपालिकाको केन्द्रमा प्रशासनीक भवन निर्माणको निम्ति जग्गा व्यवस्थापनमा **रु. १० लाख** विनियोजन गरिएको छ ।

१०) वडा नं. ५ स्थित निम्चोला नागथान घेराबार तथा जलाधार संरक्षणको लागि **रु. ५लाख** विनियोजन गरिएको छ ।

११) वडा नं ५ अन्तर्गत एक घर एक धारा खानेपानी निर्माणको लागि क्रमागत हुने गरी रु. **३० लाख** विनियोजन गरिएको छ ।

१२) बुङ जनकल्याण केन्द्रसँगको साझेदारीमा महाकुलुङ गाउँपालिका वडा नं. १ मा एक घर एक धारा निर्माणको लागि **रु. २० लाख** विनियोजन गरिएको छ ।

१३) वडा नं २ मा वोदेर्ला चापकाउ संरक्षणको लागि **रु. ७ लाख** विनियोजन गरिएको छ ।

१४) महाकुलुङ गाउँपालिका वडा नं. १ स्थित पात्ले भिरमा पार्क निर्माणको लागि रु. **१० लाख** विनियोजन गरिएको छ ।

१५) महाकुलुङ गाउँपालिका कुलुङ संघ भवन निर्माणको लागि **रु. २० लाख** विनियोजन गरिएको छ ।

१६) महाकुलुङ गाउँपालिका वडा नं ४ अन्तर्गत सिलछो पीक मन्दिर संरक्षण गर्न घेराबार निर्माणको लागि **रु. १० लाख** विनियोजन गरिएको छ ।

१७) सुर्के खोला लघु जलविद्युत आयोजना, खिरौलेको विद्युत लाइन विस्तारमा **रु. ३५ लाख** विनियोजन गरिएको छ ।

१८) महाकुलुङ गाउँपालिका वडा नं. १, बुङ हेलीप्याड देखि बुल्तोसुमसम्म कृषि सडक निर्माणको लागि **रु ५० लाख** विनियोजन गरिएको छ । .

१९) महाकुलुङ सभागृह (क्रमागत रुपमा) निर्माणको लागि **रु. ३० लाख** विनियोजन गरिएको छ ।

२०) बुल्तोसुम (हुर्हुरे) सामुदायिक भवन निर्माणको लागि **रु. १५ लाख** विनियोजन गरिएको छ ।

२१) वडा नं. ४ स्थित सि.एम.सी. भवन मर्मत संभार गर्न **रु. ६ लाख** विनियोजन गरिएको छ ।

२२) महाकुलुङ गाउँपालिका वडा २ तल्वा स्थित ट्रष्ट ब्रिज निर्माणको लागि **रु.४० लाख** विनियोजन गरिएको छ ।

२३) महाकुलुङ गाउँपालिका वडा नं ३ स्थित हल्ला खेलमैदानमा सार्वजनिक शौचालय निर्माण गर्न **रु. ६ लाख** विनियोजन गरिएको छ ।

२४) वडा नं. ४ गम्मला गोरेटो बाटो निर्माणको लागि **रु. १० लाख** विनियोजन गरिएको छ ।

२५) वोदेर्ला खानेपानी व्यवस्थापनको **रु. ५ लाख** विनियोजन गरिएको छ ।

२६) महाकुलुङ गाउँपालिका वडा नं. १ स्थित श्री हिमचूली सामुदायिक भवन निर्माण गर्न **रु. १० लाख** विनियोजन गरिएको छ ।

**घ) वन, वातावरण तथा विपद् व्यवस्थापन :**(१) गाउँपालिकालाई विपदमूक्त बनाउन विपद योजना, पूर्व तयारी, विपद् प्रतिकार्य र विपद् व्यवस्थापनको लागि रु. **१५ लाख** बजेट विनियोजन गरिएको छ ।

**ङ) सुशासन तथा संस्थागत विकासः** (१) गाउँपालिकामा न्यायिक समिति तथा मेलमिलाप अभिमुखिकरण कारण सञ्चालन गर्नको लागि **रु. ५ लाख** विनियोजन गरिएको छ ।

२) लैंगिक समानतामा आधारित स्व. नेतृत्व विकास तथा सामाजिक द्वन्द्व व्यवस्थापन कार्यक्रम गर्न **रु. ५ लाख** विनियोजन गरिएको छ ।

**27.**अब म महाकुलुङ गाँउपालिका अन्तर्गतका ५ वटै वडाहरुबाट प्राप्त कार्यक्रम तथा योजनाहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**28.वडा नं. १ को स्वीकृत योजना तथा कार्यक्रमहरुः**

**क) चालु तर्फ : १७ लाख ।**

१) कार्यालय सञ्चालन तथा विविध खर्च : **६ लाख ।**

**२) लक्षित वर्ग अन्तर्गत**

| | |
|---|---|
| १)जेष्ठ नागरिकः | रु.**१ लाख** । |
| २)बालबालिका : | रु.**१लाख ।** |
| ३)दलित : | रु.**५० हजार ।** |
| ४)महिला : | रु.**१ लाख ।** |

५)फरक क्षमता : **रु.५० हजार ।**

६)जनजाति : रु.**१ लाख** ।

३) ०७५/०७६ को सिभिल इन्जिनियरिङ तथा एम बि बि एस ४ वर्षको निरन्तरता वार्षिक जम्मा **रु.३ लाख** ।

४)खेलकुद : रु.**२ लाख ।**

**५) साँस्कृतिक प्रवर्द्धन : रु १ लाख ।**

**ख) पुँजीगत तर्फ : रु.८८ लाख ।**

१. श्री सगरमाथा मा.वि., बुङ ग्यबिन तार जाली गारो जम्मा **रु.५ लाख** ।

२. हुर्हुरे बालविकास भवनमर्मत तथा व्यवस्थापन रु.**४ लाख ।**

३. देवा खोल्साआर सि.सि पुल **रु.२ लाख** ।

४. ज्यारो पइन्ट देखी खिरौले जाने कृषि सडक सुधार **रु.५ लाख** ।

५. छेक्माखिसोदो खेल मैदानतार झ्यालीघेराबार **रु.२ लाख।**

६. राईटोल सिंचाई मर्मत रु.**२ लाख** ।

७. पात्ले सहित स्मृती खेलमैदान घेरावार **रु.२ लाख** ।

८. खिसोदो पोखरीवा बाट खिरौले जाने कृषिशाखा सडक निर्माण नाजिङ भन्ने स्थान सम्म **रु.४० लाख** ।

९. कोलाम देखी बुङ हस्पितल कृषिशाखा सडक निर्माण **रु२० लाख** रुपैया

१०. गम खेलमैदान घेराबार **रु.२ लाख।**

१२. राईटोल खेलमैदान निर्माण **रु.२ लाख** ।

१३. पात्ले सिचाई मर्मत **रु.२ लाख** ।

**जम्मा खर्च रु.१ करोड ५ लाख ।**

## 29.वडा नं. २ को स्वीकृत योजना तथा कार्यक्रमहरु :

**क) चालु तर्फ : १० लाख ।**

१) कार्यालय सञ्चालन तथा विविध खर्च **रु. ३ लाख ५० हजार** मात्र ।

२(बैठक भत्ता रु. **२ लाख ५० हजार** मात्र ।

**३) लक्षित वर्ग : ४ लाख ।**

१)जेष्ट नागरिक : रु.**१ लाख** ।
२)महिला : रु.**८० हजार** ।
३)फरक क्षमताः **रु.५० हजार** ।
४)दलित कार्यक्रमका लागि रु. रु.**७० हजार**।
५)लक्षित बालबालिका कार्यक्रम तर्फ रु.**५० हजार मात्र**
६)जनजाति कार्यक्रम रु. **५० हजार** ।

**ख) पूँजीगत तर्फ : रु.९० लाख ।**

१) पेल्माङ आ.वि.-जिदो सा.वि.स. भवन कृषि सडक ट्रयाक ओपन रु **२० लाख**
२) महाकुलुङ संग्राहलय निर्माण, पेल्माङ **रु. १० लाख** ।
३) पेल्माङ स्वास्थ्य चौकीमा खानेपानी तथा ग्रील लगाउन **रु. ३ लाख** ।
४) खेम्ही-खार्दो अस्पताल जाने गोरेटो बाटो मर्मत तथा निर्माण **रु. १० लाख ।**
५) सामुहिक भवन चोंङखिदोमा शौचालय निर्माण **रु. ३ लाख** ।
६) चोङखिदो खेम्ही खानेपानी मर्मत **रु. ४ लाख ।**
७) बंगुर खोर निर्माण बुल्तोसूम **रु. ४ लाख ।**
८) पाँचपोखरी सामुदायिक संस्था भवन निर्माण पेल्माङ **रु. ६ लाख** ।
९) साम्लाम खानेपानी मर्मत **रु. २ लाख ।**
१०) बोहीतोस चालिमखम मर्मत **रु. २ लाख ।**
११) वोखम गोरेटो मर्मत **रु. २ लाख ।**
१२) पेल्माङ स्वास्थ्य चौकी-वाफुदो गोरेटो बाटो मर्मत **२ लाख ५० हजार ।**
१३) टोलटोलमा सार्वजनिक सूचना पाटी निर्माण **रु. २ लाख** ।
१४) वडा कार्यालय - फूलवात्ति खोला सडक ट्रयाक ओपन **रु. ७ लाख ।**
१५) वाफूदो खानेपानी मर्मत **रु. ५ लाख ।**
१६) कम्प्युटर, प्रिन्टर खरिद **रु. २ लाख ।**
१७) वडा कार्यालयमा खानेपानी मर्मत **रु. २ लाख** ।
१८) थोन्दो काठेपूल निर्माण **रु. ३ लाख ५० हजार ।**

**जम्मा खर्च : रु.१ करोड मात्र ।**

## 30.वडा नं. ३ को स्वीकृत योजना तथा कार्यक्रमहरुः

**क) चालूतर्फ : १९ लाख ।**

१) कार्यालय सञ्चालन तथा विविध खर्चः **६ लाख** मात्र ।

**२) लक्षित वर्ग अन्तर्गत : रु.४ लाख ।**

१)जेष्ठ नागरिकः **रु.१लाख।**
२)बालबालिका : रु.**४० हजार ।**
३)दलित : रु.**४० हजार ।**
४)महिला : रु.**१ लाख ।**
५)फरक क्षमता : रु.**४० हजार ।**

६)जनजाति : रु.**८० हजार ।**

३) खेलकुद शिर्षक **रु.६ लाख ।**

४) छेस्काम मा.वि.प्ले (Play Group) कक्षा सञ्चालन/व्यवस्थापन **रु.३ लाख ।**

**<u>ख) पूँजीगत तर्फः</u>** **<u>८६ लाख ।</u>**

(२)हल्ला, रान्तेदो हुदै छेम्सी सम्म मोटरबाटो निर्माण **रु.२० लाख ।**
(३)पिचिरिम वुस्पम हुदै खार्दो स्कुल सम्म मोटरबाटो निर्माणरु. **रु.२५ लाख ।**
(४)हम्बैवा खानेपानी योजना क्रमागत योजना **रु.८ लाख ।**
(५)मामेर्कु वोक्सुवार वागखोर गोरेटोबाटो निर्माण **रु.३ लाख ।**
(६)बुर बजार व्यवस्थापन **रु.२ लाख ।**
(७)बोक्सुवार पेल्टीसेट मर्मत **रु.२ लाख ५० हजार ।**
(८)छेस्काम मा.वि.सभाहल फर्निचर व्यवस्थापन **रु.१ लाख ।**
(९)महाकुलुङ खेल मैदान मर्मत संरक्षण क्रमागत **रु.२ लाख ।**
(१०)चिनो खामसिदो बेम्फम गोरेटोबाटो निर्माण **रु.२ लाख ।**
(११)दृति नागथान संरक्षण **रु.२ लाख ।**
(१२)दुपखम्ला पक्की पुल निर्माण **रु.३ लाख ५० हजार ।**
(१३)बेलपौदो गोरेटो बाटो निर्माण **रु.१ लाख ५० हजार ।**
(१४)खामसिदो पक्की पुल निर्माण **रु.३ लाख ५० हजार ।**
(१५)दलित आरन सञ्चालन **रु.३ लाख ५० हजार ।**
(१६)स्वास्थ्य चौकी वर्थिङ सेन्टर निर्मान क्रमागत **रु.४ लाख ।**
(१८)गेम्माई खानेपानी मर्मत व्यवस्थापन योजना **रु.२लाख ।**
(१९) श्री हुङ्गा चाम्लाङ मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह वृक्षारोपण योजना **रु.५० पचास हजार ।**

**जम्मा :** **रु.१ करोड ५ लाख ।**

## **31.<u>वडा नं. ४ को स्वीकृत योजना तथा कार्यक्रमहरुः</u>**

**<u>क) चालुः</u>** **रु.१५ लाख ।**

१) कार्यालय सञ्चालन तथा विविध खर्चः रु.**६ लाख** मात्र ।

**२) लक्षित वर्ग अन्तर्गत :**

१)जेष्ठ नागरिकः **रु.१लाख।**

२) बालबालिका : **रु.५० हजार ।**

३) दलित : रु.**५० हजार ।**

४) महिला : **रु. ७० हजार ।**

५) फरक क्षमता : रु.**५० हजार ।**

६) जनजाति : **रु. ८०हजार।**

३) हजार दिने आमा तथा शिशु स्वाहार कार्यक्रम **रु ५० हजार ।**

४) टेलिभिजन मार्फत समग्र महाकुलुङ गाउँपालिका वडा नं. ४ को गतिविधि कार्यक्रम उत्पादन तथा प्रशारण रु. **१ लाख ५० हजार ।**

५) युवा तथा खेलकुद रु. **१ लाख ।**

६) सिलाई कटाई स्तरोन्नती (advanced) कार्यक्रम **रु.२ लाख ।**

**ख) पूँजीगत तर्फः** **८५ लाख ।**

१) रोङकेम्मे थान टहरा निर्माण साविक वडा नं. १, साद्धी **रु. २ लाख ।**
२) रोङकेम्मे थान टहरा निर्माण साविक वडा नं. २, तुमाउ **रु. २ लाख ।**
३) रोङकेम्मे थान टहरा निर्माण साविक वडा नं. ३, लुच्चाम **रु. २ लाख ।**
४)रोङकेम्मे थान टहरा निर्माण साविक वडा नं. ४,गुदेल रु. **२ लाख ।**
५) सामुदायिक स्वास्थ्य इकाई तुमाउ स्वास्थ्य उपकरण खरिद तथा व्यवस्थापन रु. **२ लाख ५० हजार ।**
६) गुदेल मा.वि. घेराबार तथा बाटो निर्माण रु. **६ लाख ।**
७) गुदेल मा.वि. झ्यालको ग्रील निर्माण **रु.२ लाख** ।
८) शहिद स्मृति आ.वि.फर्निचर निर्माण तथा व्यवस्थापन रु. **३ लाख ५० हजार ।**
९) तुमाउ आ.वि. घेराबार निर्माण रु. **१ लाख ५० हजार ।**
१०) ग्याविन तार जाली बुनाई तालिम रु. **३ लाख ।**
११) सानाम खानेपानी मुहान मर्मत तथा घेराबार रु. **२ लाख ।**
१२) टासी छोलिङ गुम्बा किचन निर्माण रु. **२ लाख ।**
१३) सामुहिक साबुन मेशिन खरिद जडान तथा सञ्चालन रु **५ लाख ।**
१४) सामूहिक किवि खेतीको लागि पिलर निर्माण तथा व्यवस्थापन **रु. रु.४लाख ।**
१५) फलफूल प्रशोधनको लागि मेसिन खरिद तथा सञ्चालन **रु.५ लाख** ।
१६) लुच्चाम चर्च मण्डली व्यवस्थापन **रु.१ लाख ५० हजार ।**

१७) वडा कार्यालय घडेरी निर्माण रु. **७ लाख ।**
१८) नागथान देखि साम्फोदो गोरेटो बाटो निर्माण रुं. **३ लाख ५० हजार**
१९) खिमपैचो खानेपानी मुहान मर्मत **रु. २ लाख** ।
२०) साम्फोदो खानेपानी मुहान मर्मत **रु. २ लाख ।**
२१) सिद्धा गैया बाटो निर्मा(ा तथा घेराबार **रु. २ लाख** ।
२२) लुच्चाम खानेपानी निर्माण रु. **२ लाख** ।
२३) लुच्चाम ढल व्यवस्थापन **रु.३ लाख।**
२४) तुमाउ खानेपानी मर्मत रु. **२ लाख ५० हजार** ।
२५) रोवोखा गोरेटो बाटो निर्माण तुमाउ रु. **२ लाख ५० हजार** ।
२६) रोदो खेल मैदान निर्माण रु. **१ लाख ५० हजार** ।
२७) जडिबुटि संकलन, प्रशोधन तथा बेचविखन केन्द्र रु. **२ लाख** ।
२८) भुमेस्थान साद्‌दी मर्मत रु. **१ लाख ५० हजार** ।
२९) तुमाउ आ.वि. खेलमैदान निर्माण रु. **६ लाख** ।
३०) महादेव थान बाटो निर्माण रु. १ लाख ५० हजार ।

**32.वडा नं. ५ को स्वीकृत योजना तथा कार्यक्रमहरुः**

**क) चालु तर्फ : रु.१४ लाख ।**

१) कार्यालय सञ्चालन तथा विविध खर्चः रु.**६ लाख** मात्र ।

**२) लक्षित वर्ग अन्तर्गत : रु.४ लाख ।**

१) जेष्ठ नागरिकः
२) बालबालिका :
३) महिला :
४) फरक क्षमता :
५) जनजाति :

३) महिला कार्यक्रम **रु. २ लाख ।**

**४**) चाक्चाकुर पर्व आयोजना **रु २ लाख**

**ख) पूँजीगत तर्फः ८६ लाख ।**

**१**) वडा कार्यालय भवन निर्माण **रु. ४५ लाख ।**
२) श्री घ्याङखर्क आ.वि. भवन निर्माण **रु. ६ लाख ।**
३) फुन्चोलिङ गुम्बा चर्पी **रु. १ लाख ।**
४) चाप्सोङला पातिदो निर्माण **रु. ५ लाख ।**
५) सार्खोवा नोङवा बाटो निर्माण **रु. ११ लाख ।**
६) फ्रुन्छि भूतखर्क बाटो निर्माण **रु. २ लाख ।**

७) चाचालुङ बाटो स्तरोन्नती **रु. ३ लाख ।**
८) कार्त्तिके निम्चोला गोरेटो बाटो निर्माण **रु. ५० हजार ।**
९) निम्चोला स्तुपा मर्मत **रु. २ लाख ।**
१०) वापुतो चाचालुङ महान संरक्षण **रु. २ लाख ।**
११) स्वास्थ्य **रु.** **२ लाख ।**
१२) खेलकुद (तोस्खम खेलमैदान मञ्च स्टेसन व्यवस्थापन) **रु.१ लाख ५० हजार**
१३) गाइलु बाङ्गे फर्निचर निर्माण **रु. १ लाख ५० हजार ।**
१४) नुर्कुम बौद्ध स्तुपा मर्मत **रु.२ लाख ।**
१५) साविक गुदेल आइतबारे थान संरक्षण **रु.१ लाख ५० हजार ।**

**जम्मा :** **रु.१ करोड**

**33.** प्रस्तुत बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने तथा बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल र सुझावको लागि गाउँपालिकाको अध्यक्ष, वडाध्यक्षहरु, विषयगत समितिका संयोजक तथा सदस्यहरु, गाउँकार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका शाखा प्रमुख तथा सम्पूर्ण कर्मचारीहरु, राजनीतक कर्मीहरु, संघसस्थांका प्रमुख तथा प्रतिनिधिहरु, बुद्धिजिविवर्ग, शिक्षक, व्यापारी, पर्यटन व्यवसायी सम्पूर्ण प्रति हार्दिक आधार प्रकट गर्दछु । साथै आगामी वर्षको यो बजेट कार्यान्वयनमा सबै पक्षको साथ र सहयोगको अपेक्षा गर्दछ ।

# धन्यवाद ।